**विषालु च्याउबाट जोगिऔं।**
जङ्गली च्याउहरू विषालु पनि
हुन सक्छन्, त्यसैले राम्ररी
पहिचान गरेर मात्र खाऔं।
खेती गरेर उमारेका च्याउ
मात्र खाने गरौं
जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com





अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ साउन १४ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 30 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३२


## हजारीमल धर्मशाला विवाद पुनः चुलिंदै

प्रस, वीरगंज, १३ साउन/

वीरगंज महानगरपालिकामा चर्चित घटनामध्ये एक हजारीमल धर्मशालाको जग्गाको आधिकारिकताको विषयलाई लिएर पुनः विवाद शुरू भएको छ।

दुई वर्षअघि हजारीमल धर्मशालाको पक्की भवन भत्काइएपछि विवाद साम्य भएको थियो। तर अहिले आएर सो विवाद पुनः शुरू भएको छ। आन्तरिकरूपमा विवाद समाधान नभएपछि त्यसले कानूनी रूप लिएको समाचार छ।

हजारीमल सेवा ट्रस्टले सो जग्गामा आफ्नो आधिकारिकता रहेको भन्दै घर भत्काएर खाली जग्गामा बाउन्ड्री लगाएको थियो। तर केही दिनअगाडि नाला सफाइ गर्नको लागि महानगरले हजारीमल धर्मशालाको ताला फोडेपछि विवाद बढेको हो। ट्रस्टका पदाधिकारीहरूको चित्त नबुझेपछि उनीहरूले साउन १० गते उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा निवेदन दिएका थिए। निवेदनमाथि सुनवाइ गर्दै न्यायाधीश सीताराम मण्डलको इजलासले पन्ध्र दिनभित्र विपक्षीलाई आवश्यक कागजात लिएर आउन तथा हालको लागि सबै काम रोक्न आदेश गरेको छ।

अदालतको यस्तो आदेश आएपछि सो जग्गाको गेटमा पुनः तालाबन्दी गरिएको छ। गेटमा एकजना भारतीय युवक मोटरसाइकलमा आएर तालाबन्दी गरेको घटना सार्वजनिक भएपछि महानगरले शुक्रवार पुनः गेटको ताला फोडेको छ। हजारीमल धर्मशाला विवादमा शुरूमा नेपाली काङ्ग्रेस, पर्साले चासो देखाएको थियो। पछि नेका यो घटनाबाट अलग्गियो। त्यसपछि हाल नगरप्रमुख रहेका राजेशमान सिंहले धर्मशालाको वैधानिकतामाथि प्रश्नचिह्न उठाउँदै महानगरले पहल गर्नुपर्ने र सार्वजनिकीकरण गर्नुपर्ने माग गरेका थिए। त्यतिखेर नगरप्रमुख विजय सरावगी थिए। अहिले सिंह आफैं नगरप्रमुख छन्। तर उनले गेटको ताला फोड्नेबाहेक ट्रस्टलाई सार्वजनिक गर्ने सम्बन्धमा पहल गरेका छैनन्।



वीरगंज, आदर्शनगरस्थित हजारीमल धर्मशालाको मूलगेट भत्काउदै। तस्वीरः प्रतीक

### हजारीमल धर्मशालाप्रतिको वीरगंजवासीको चासो

वीरगंज, आर्दशनगरस्थित हजारीमल धर्मशालालाई रक्सौल निवासी हजारीमलले बनाएका थिए। उनी त्यति बेला दानवीर व्यक्तित्वको रूपमा स्थापित थिए। उनले वीरगंज, रक्सौललगायत अन्य क्षेत्रमा योगदान दिएका थिए। तर उनका वंशजहरू अहिले आएर ट्रस्टको माध्यमबाट सो जग्गामा आफ्नो आधिकारिकता खोज्दैछन्।

सो जग्गामा अन्य तीनजना समूहले पनि आफ्नो हकभोग रहेको दाबी गरेपनि अहिले उनीहरू सक्रिय छैनन्। अर्कोतिर हजारीमल धर्मशाला भत्काउँदा त्यसबाट निस्केका काठ, फलाम, इँटलगायत अन्य सामग्री कसले कहाँ लग्यो भन्ने पनि लेखाजोखा छैन। जिल्ला प्रशासन कार्यालय, पर्सामा ट्रस्ट दर्ता गरिएको छ तर त्यसको पुरानो कुनै तथ्याङ्क छैन। विवाद चर्केपछि कानूनविपरीत ट्रस्ट नवीकरण गरिएको छ। भारतीय नागरिकलाई ट्रस्टको सदस्य राख्न नपाउने प्रावधान रहे पनि ट्रस्टमा भारतीय नागरिक राखिएको एक पक्षको दाबी छ।

## होल्डिङ सेन्टर हस्तान्तरणको क्रममा, चेकजाँच शिविर शुरु

नितेश कर्ण, वीरगंज, १३ साउन/

वीरगंज भन्सार कार्यालयमा निर्माण भइरहेको होल्डिङ सेन्टर हस्तान्तरणको क्रममा छ। भारतबाट नेपाल आउने यात्रीहरूमध्ये शङ्कास्पदहरूको कोरोना परीक्षण रिपोर्ट नआउन्जेल होल्डिङ सेन्टरमा राख्ने प्रयोजनको लागि निर्माण भएको हो।

सरकारले दश ठाउँमा एक हजार शय्याको होल्डिङ सेन्टर निर्माण गरेको छ। यसै क्रममा वीरगंज भन्सार कार्यालयमा बनेको होल्डिङ सेन्टर हस्तान्तरणको क्रममा रहेको जिल्ला प्रशासन कार्यालय, पर्साका सूचना अधिकारी सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बताए। उनले ठेकेदार कम्पनीले नेपाली सेनालाई



वीरगंज भन्सार कार्यालयमा निर्माण सम्पन्न भएको होल्डिङ सेन्टर र शङ्कराचार्यद्वारमा भारतबाट आउने यात्रीहरूको कोरोना परीक्षण गरिंदै। तस्वीरः प्रतीक

(बाँकी अन्तिम पातामा)

## असारे विकासमा ठेकेदार तथा नेता मालामाल, जनतालाई सास्ती

प्रस, वीरगंज, १३ साउन/

सङ्घ, मधेस प्रदेश र स्थानीय तहहरूमा भएका निर्माण कार्य (असारे विकास)मा नेता, कर्मचारी र ठेकेदारहरू मालामाल भएपछि खुशी छन् भने सर्वसाधारणलाई सास्ती भएको छ।

वर्षभरि केही नगरेर बस्ने तर आर्थिक वर्षको अन्तिम महीनामा बजेट सक्याउन असारे विकास अन्तर्गत धमाधम गरिएको निर्माण कार्यले विकासको साटो विनाश गरेको देखिन्छ। पर्सा जिल्लाका अधिकांश स्थानमा बाटोघाटो, पुल, सडक ढलान, भवन निर्माणलगायत पूर्वाधार निर्माणका काम अधूरो अवस्थामा छन्। बर्सेनि यस्ता अधूरा योजनामा लाखौं बजेट जाने तर काम भने अधूरै छाड्ने परिपाटीले जनता दुःखी छन्।



वीरगंज महानगर-३० लालपर्सामा अधूरो कल्भर्ट। तस्वीरः प्रतीक

त्यस्तै एउटा निर्माण कार्य वीरगंज महानगर-३० लालपर्सामा रहेको अधूरो कल्भर्टमा देख्न सकिन्छ। प्रदेश सरकारले २५ मिटर लामो कल्भर्ट निर्माण गर्न रु २५ लाख बजेट पठाएको थियो। प्रदेश सांसद भीमा यादवको क्षेत्र विकास कार्यक्रम अन्तर्गत सो बजेट आएको हो। कामको प्रवृत्ति हेर्दा उपभोक्ता समितिलाई दण्डित गर्नुपर्ने देखिन्छ। तर पूर्वाधार कार्यालयले कामको मूल्याङ्कन गर्दै रु १४ लाख १२ हजार भुक्तानी दिएको छ।

यस विषयमा कार्यालय प्रमुख सञ्जय साहले मूल्याङ्कनको आधारमा भुक्तानी दिएको बताए। जेठ महीनाको अन्तिममा निर्माण कार्य शुरू भएको र असार २४ गतेसम्म भएको कार्यबापत सो भुक्तानी दिएको उनको भनाइ छ। सोही बेला

(बाँकी अन्तिम पातामा)

## एक वर्षमा २४ करोडको भन्सार छलीका सामान बरामद

नितेश कर्ण, वीरगंज, १३ साउन/

आव २०७८/७९ मा जिल्ला प्रहरी कार्यालय, पर्साले रु २३ करोड ९६ लाख ७० हजार बराबरको भन्सार छलीका सामान बरामद गरी राजस्व अनुसन्धान कार्यालय, पथलैया र वीरगंज भन्सार कार्यालयमा बुझाएको जानकारी गराएको छ।

जिप्रका, पर्साको तथ्याङ्क अनुसार किराना सामग्री तीन करोड ५३ लाख दुई हजार, विद्युतीय सामग्री सात लाख ७३ हजार, सवारीसाधन र पार्टपुर्जा १० करोड २६ लाख ३० हजार, लत्ताकपडा, फेन्सी सामान नौ करोड २८ लाख ७९ हजार गरी कुल २३ करोड ८५ लाख ३५ हजार बराबरको सामान नियन्त्रणमा लिएर राजस्व र वीरगंज भन्सार कार्यालयमा बुझाएको जानकारी गराएको छ।

त्यसैगरी, गत आवमा ५४ ग्राम ७९४ मिलिग्राम सुन, १४ किलो ४२१ ग्राम २७० मिलिग्राम चाँदी गरी कुल छ लाख ३७ हजार मूल्य बराबरको सामान राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाएको जिप्रका, पर्साका प्रवक्ता प्रनाउ प्रह्लाद कार्कीले बताए।

उनले गत आवमा यससम्बन्धी घटनामा ५६ जना मानिस र ६१ वटा सवारीसाधन नियन्त्रणमा लिएको जानकारी गराएका छन्।

यसैगरी, जिप्रका, पर्साले महिलाविरुद्धको अपराध कसूरमा १०४ वटा मुद्दा दर्ता गरेको र ११ जना महिलासहित ४७ जनालाई कारबाईको दायरामा राखेको जनाएको छ।

यसैगरी, गत आवमा कर्तव्य ज्यानका ११ वटा मुद्दा दर्ता भएको र त्यसमा आठ महिला र १८ जना पुरुष पक्राउ परेको प्रवक्ता कार्कीले बताए।

लागूऔषधमा २३७ वटा मुद्दा चलेको र नौजना महिलासहित ३०९ जना पुरुषमाथि मुद्दा चलाइएको उनले बताए।

चोरी सम्बन्धमा १४६ वटा मुद्दा दर्ता भएको र ती घटनामा दुईजना महिलासहित १९७ जनालाई पक्राउ गरिएको उनले बताए। गत आवमा पर्सा जिल्लामा मोटरसाइकल चोरीका २७२ वटा घटना दर्ता भएको उनले जानकारी गराए।





भर्ना खुल्यो भर्ना खुल्यो भर्ना खुल्यो

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्
**प्रसौनी बहुप्राविधिक शिक्षालय**
प्रसौनी-२, बारा

Addmission Open
SEE/SLC गरेकाहरूलाई सुनौलो अवसर
Diploma In Electrical Engineering
( ३ बर्षे इलेक्ट्रिकल ओभरसियर )
मा भर्ना खुल्यो।



बिशेषताहरू:
- CTEVT को आंगिक शिक्षालय
- ३ बर्षको लागी जम्मा प्रशिक्षण (पुर्ण शुल्किय) शुल्क रू. ४८,000/-
- सहुलियत शुल्क (बारा, पर्साको अति बिपन्न वर्गको लागी) रू. ३२,000/-
- विभिन्न लक्षित वर्गको लागी कोटा उपलब्ध

आवेदन फारम दर्ता शुल्क रू. १५00/-

Email :- ppi.bara.ctevt@gmail.com
FaceBook ID :- Prasauni Polytechnic
FaceBook Page :- PPI Bara

सम्पर्क नं.
9855055041
9851141327, 9844221099

आवेदन फारम ctevt.org.np वा यस पोलिटेक्निक बाट प्राप्त गर्न सकिनेछ।

## विचारसार र सूक्तिहरू

**शत्रुद्वारा गरिएको प्रशंसा नै सर्वोत्तम कीर्ति हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# सहकारीमा विकृति

**सहकारीको नारा नै छ 'गाउँ–गाउँमा सहकारी, घर–घरमा भकारी ।' सहकारी एकअर्काबीचको सहकार्यात्मक अवधारणा हो । 'एकका लागि सबै र सबैका लागि एक' भन्ने भावना र व्यवहारमार्फत व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक एवं सामाजिक उत्थानको लागि गरिने एकीकृत प्रयास नै सहकारी हो । छरिएर रहेका श्रम, सीप, प्रविधि र पूँजीलाई सहकारीले एकत्रित गर्दछ । सहकारीमार्फत व्यक्तिहरू आफ्नो हितअनुकूल एकसाथ मिलेर काम गर्छन् । सीमित स्रोत र साधन भएका, समान इच्छा र आकाङ्क्षा पालेका व्यक्तिहरूको एकीकृत सङ्गठन सहकारी हो । आपसी सहयोग तथा सामाजिक उत्थानका निमित्त गरिने एकताबद्ध प्रयास नै सहकारी भएको हुँदा यसले अन्तरनिर्भरता हुँदै आत्मनिर्भरतातर्फ डोऱ्याउँछ । सहकारी लोकतान्त्रिक विधिमा आधारित सङ्गठन हुँदा शेयर सदस्यहरू नै यसका मालिक र ग्राहक पनि हुन् ।**

**सहकारी तब मात्रै सफल हुन्छ, जब सहकारीको सिद्धान्त, मूल्य–मान्यता, विधि–विधान, पद्धति र आदर्शलाई आत्मसात् गरेर चल्छ । यसका निम्ति सबैभन्दा महत्त्वपूर्ण कुरा शिक्षा हो । सहकारीका पदाधिकारी, कर्मचारी एवं शेयर सदस्यमा सहकारी शिक्षाबारे जानकारी हुनुपर्छ । संस्था सही बाटोमा चलिरहेको छ या छैन भन्ने कुरा सहकारीसम्बन्धी शिक्षा भएकाले मात्रै थाहा पाउन सक्छन् । सहकारीमा नियमानुसार सदस्यता प्राप्त व्यक्तिबाट मात्र बचत सङ्कलन गर्ने र सदस्यहरूबीच मात्र ऋण लगानी गर्नुपर्ने हुन्छ । बचत गर्ने र ऋण लिनेहरूले नै आफ्नो अधिकार तथा जिम्मेवारीबारे बुझ्न नसकेको अवस्थामा गलत मनसायका कर्मचारी तथा पदाधिकारीहरूले सहकारीलाई ठगी गर्ने हतियारको रूपमा प्रयोग गर्न सक्छन् । सहकारीको मूलभूत उद्देश्य संलग्न सदस्यहरूको आर्थिक उत्थान गरी सामाजिक न्याय र समानता दिलाउने हुनुपर्नेमा सहकारीको नाममा खुलेका केही संस्थाहरूले ठगी गरेर सदस्यलाई बिचल्लीमा पार्दै सहकारीको नामलाई बदनाम गराइरहेका छन् ।**

**सहकारीका आफ्नै सिद्धान्त, मूल्य–मान्यताको अनुसरणको अवस्था कमजोर छ । गुणात्मकभन्दा पनि सङ्ख्यात्मकरूपमा सहकारी स्थापनाले विकृति निम्त्याउँदै छ । एउटै व्यक्तिको दोहोरो सदस्यता साथै वित्तीय सुशासनको कमीले गर्दा यस क्षेत्रमा वित्तीय जोखिम बढेर गएको छ । छिट्टै धनी हुने उद्देश्य लिएर सहकारीमा लागेका केही मानिसहरूको कारण कतिपय स्थानमा सहकारी क्षेत्र बदनाम छ । त्यसैगरी, सहकारीमा राजनीतीकरण, पैसा उठाइ गलत तरीकाले प्रयोग गर्ने प्रवृत्ति, सघनता उत्पादन तथा स्वरोजगारको क्षेत्रमा नभई बचत तथा ऋणको कारोबारमा मात्रै केन्द्रित हुने, गैरसदस्यसँग कारोबार गर्ने, कार्यक्षेत्रभन्दा बाहिर कारोबार, चक्रवृत्ति ब्याज असुली, सञ्चालकको नाममा ठूला रकम पेश्की, राष्ट्र बैंकको स्वीकृतिबेगर चेक, ओभरड्राफ्ट, विप्रेषण कारोबार, सदस्यहरूको बचत रकमबाट विभिन्न कम्पनी खडा गरी लगानी गर्ने, तरलता अत्यधिक राख्ने, कतिपयमा तरलता नै नराखी लगानी गर्नेलगायतका कारण सहकारी धराशयी हुने र टाट पल्टिने गरेका छन् । यसरी सदस्यहरूको रकमलाई जोखिममा पार्ने सञ्चालकमाथि हदैसम्मको कानूनी कारबाही गरिनुपर्छ । यसको निम्ति सदस्यमा सहकारी चेतना र अनुगमनकारी निकायको अनुगमनमा कडाइ अनिवार्य छ ।**

# सही ज्ञान पाउन विश्वासमुखी होइन विज्ञानमुखी बन्नुपर्छ

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**हुनत अझै पनि जान्नुपर्ने र खोज गरेर निष्कर्ष निकाल्नुपर्ने चीजहरू निकै छन् तर आधारभूतरूपमा आजको मानवसँग सृष्टिको सुरुआत र वर्तमान तथा भविष्यबारे जान्न सक्ने थुप्रै आधार विकसित भइसकेका छन् । अतः सही ज्ञान पाउन विश्वासमुखी होइन विज्ञानमुखी बन्नुपर्छ ।**

मानवजीवन तथा जगत्मा हुने विभिन्न घटनाहरू मानिसहरूको लागि निकै लामो समयसम्म रहस्य जस्तै थियो । माानिसहरूले आफ्नो वरिपरि प्रत्येक दिन हेरिरहने बिहान पूर्व दिशामा सूर्योदय पश्चिम दिशामा सूर्यास्त, आकाशभरि बादल, कालो बादलबाट मुसलधारे पानी बर्सिनु, बिजुली चम्किनु र आकाशबाट धर्तीमा खस्नु, बाढी, पहिरो, आगलागी, भुइँचालो, ज्वालामुखी विस्फोट, अनिकाल, महामारी आदि इत्यादि घटनाहरूले मानिसहरूलाई हजारौं वर्षसम्म प्रकृतिले आफूतिर आकर्षित गरिरह्यो । जन्म, विकास र मृत्युजस्ता घटनाहरूले माानिसहरूलाई झन् धेरै जिज्ञासु बनाउँदै लग्यो । टाउकोमाथि देखिने विशाल आकाश र त्यो आकाशमा राति मात्रै देखिने अनगिन्ती तारा, दिनको उज्यालोमा देखिने तारा, नदी, समुद्र र स्वयम् धर्ती जसको कतै अन्त्य देखिंदैनथ्यो, ती सबै चीजहरूले मानिसहरूलाई मनभित्र जति कौतूलहता थप्दै लग्यो, त्योभन्दा बढी प्रश्नहरूको चाङ लगाउँदै गयो । आखिर यी सबै वस्तु, घटना कसरी घट्छन् ? यसको उत्पत्ति कसरी भयो होला ? के यिनीहरूलाई मानिसले जान्न सक्छ ? यस्ता प्रश्नहरूले मानिसहरूलाई निकै लामो समयसम्म खोज र अनुसन्धान गर्न बाध्य गरिरह्यो ।

यिनै प्रश्नहरूको खोजी गर्ने क्रममा मानिसहरूले सबै प्रश्नको जवाफ खोज्न कोशिश गरे । शुरूमा ती जवाफ एउटै थियो । एउटा अदृश्य शक्ति जसलाई हामी हेर्न सक्दैनौं, जसलाई हामी जान्न सक्दैनौं, जसलाई हामी बदल्न सक्दैनौं । हो, त्यही चमत्कारी शक्तिले संसारका सबै वस्तु, घटनालगायत सबै निर्माण गरेका छन् । उसैले आफ्नो इच्छा अनुसार संसारका सबै वस्तु सञ्चालन गरिरहेको छ । त्यसैले यो संसार भनेको ईश्वरीय देन हो । ईश्वरको इच्छाविपरीत कुनै पनि काम कुरो हुन सक्दैन । ईश्वरले नै पूर्वनिर्धारित गरेका काम कुराहरू यो संसारमा घटित हुने गर्दछन् । यसको अपवाद केही पनि छैन । यस किसिमको अवधारणामा हजारौं वर्षसम्म सम्पूर्ण मानव हिंडिराख्यो ।

सयमक्रममा मानिसहरूले प्राप्त गर्दै गएको ज्ञानको वृद्धि तथा उत्पादनको लागि बनाउँदै गएका विभिन्न प्रकारका औजारहरूले गर्दा मानिसहरूको तर्क गर्ने शक्ति पहिलेको भन्दा सबल हुन थाल्यो । यस्तोमा मानव समाजभित्र विद्यमान पुराना विचारमा कतिपय मानिसहरूले आशङ्का व्यक्त गर्न थाले । त्यति बेला यस्तो आशङ्का गर्ने व्यक्तिलाई ईश्वरविरोधी, धर्मविरोधी, नास्तिक जस्ता आरोपहरू लगाएर धर्मका ठेकेदारहरूले संसारभरि पण्डित्याइँ गर्न थाले । मृत्युदण्ड, पाशविक हत्या, ज्यूँदै जलाउने, फाँसीमा झुन्ड्याउने, विषसेवन गर्न लगाउने जस्ता दण्ड दिन पनि त्यस बेलाका धर्माचार्य, धर्मगुरु तथा राज्यले स्वाभाविकै ठाने । त्यति बेलाको ज्ञान पृथ्वीकेन्द्रित थियो । सूर्यले पृथ्वीलाई परिक्रमा गर्छ जस्तो मानिसहरूले ठानेका थिए । पृथ्वीको आकार चेप्टो छ, मानौं कुनै सुकुलजस्तो ओछ्याइएको भन्ने धारणा नै समाजमा व्याप्त थियो । सूर्यले पृथ्वीलाई परिक्रमा गर्दा नै दिन र रात हुने गर्छ भन्ने सोच मानिसहरूले सजिलै अनुभूति गरेका थिए ।

ज्ञानको बारेमा मानिसहरूको धारणा छ कि परेर जानिन्छ कि पढेर जानिन्छ । कुरा ठीकै हो । मानिसहरू जसोतसो उत्पादन प्रक्रियामा भाग लिन थाले । क्रमशः मानिसहरूको ज्ञान पनि उन्नत बन्दै गयो । पुराना पुस्ताहरूको अनुभवलाई नयाँ पुस्ताहरूले आफ्नो व्यवहारमा ढाल्दा कतिपय समस्याहरू देखिन थाले । विकास भनेकै यथास्थितिभन्दा अगाडि जानु हो । लामो समयसम्म मानिसहरूको ज्ञान संसारका सबै घटनाक्रम चमत्कारिक शक्तिमाथिको निर्भरतामा भन्ने अनुभवलाई बिस्तारै नयाँ–नयाँ प्रयोगहरूले चुनौती दिन थाले । ज्ञान जो केवल अनुभव, अनुभूति र परम्पराको निरन्तरताको गोलचक्करमा हिंड्दै थियो, त्यसभित्र प्रमाणको अभावलाई हटाएर तथ्यद्वारा प्रमाणित गरेर सत्यको बारेमा बोल्न थालेपछि विशेष ज्ञानको प्रार्दुभाव हुन पुग्यो । अब मानव समाजमा परम्परादेखि सुन्दै आइएका कुराहरू मात्रै विश्वास गरेर हिंड्ने मानिस मात्र भएनन् । कोही मानिसहरू ती कुराहरूलाई जाँच पडताल गरेर सही हो कि होइन भन्ने कुरा विभिन्न प्रमाणका आधारमा पुष्टि गर्न थालेपछि विज्ञानको ज्ञानसँग अन्धविश्वासको जगमा उभिएको ज्ञानलाई पहिलोचोटि चुनौती थपिन थाल्यो । समुद्रमा टाढाबाट आइरहेको पानीजहाजको किनारमा बस्ने मानिसले अगाडिको मस्तुल भाग मात्र पहिले किन देख्छ, जबकि पृथ्वी चेप्टो छ ? यस्ता प्रश्नहरूले ज्ञानको क्षेत्रमा पुनर्जागरण ल्यायो । पृथ्वी गोलो भएको हुनाले पानीजहाजको सम्पूर्ण भाग एकैचोटि नदेखिएको भनी तथ्यगत तर्कलाई पृथ्वी चेप्टो छ भन्नेहरूले खण्डन गर्न सकेनन् ।

त्यसैगरी, भुइँचालो भनेको शेषनाग वा कछुवाको पिठ्यूँमा पृथ्वी भएको कारणले शेषनागले आफ्नो फन (टाउको) फेर्दा वा कछुवाले आफ्नो खोलभित्रबाट हातखुट्टा झिक्दा धर्ती हल्लिन्छ र भुइँचालो आउँछ भन्ने ज्ञानलाई पृथ्वीको बनावट, उत्पत्ति र यसको भित्री अवस्था खासगरी ज्वालामुखी विस्फोट हुँदा भित्रबाट निस्किने गरेको लाभा र म्याग्मा जस्ता आगोको लेदोको अध्ययनले पृथ्वीभित्र जम्मा भइराख्ने वाष्पले माथिको प्लेटमा धक्का दिंदा वा उम्लिरहेको केन्द्रमण्डलमाथि तैरिरहेको मेटल (कडा चट्टान) एकअर्कासँग ठोक्किदा भुइँचालो तथा ज्वालामुखी विस्फोट हुने गरेको तथ्यको आधारमा विज्ञानले बाहिर ल्याएपछि मानव ज्ञान तथ्यगत ज्ञानतिर समृद्ध हुँदै गयो । बिस्तारै जगत्को बारेमा कायम रहेको विश्वासमा आधारित ज्ञान झूटो साबित भई खारेज हुने अवस्था बन्दै गयो । मानिसहरूले प्राप्त गर्दै गरेको तथ्यगत ज्ञानमा सबैभन्दा फड्को मार्ने तब उत्पन्न भयो, जब ग्यालिलियोले दूरबिनको अविष्कार गरेर पृथ्वी ब्रह्माण्डको केन्द्र होइन हामीले देखेका ग्रहहरूको केन्द्र सूर्य हो । सबै ग्रहले सूर्यलाई परिक्रमा गर्ने गर्छन् । धर्तीमा दिन र रात हुने कुरा सूर्यले पृथ्वीलाई परिक्रमा गरेर होइन बरु पृथ्वीले सूर्यको परिक्रमा गर्दा पृथ्वीको जुन भाग सूर्यतिर फर्केको हुन्छ त्यता दिन हुन्छ र जुन भाग सूर्यतिर हुँदैन त्यहाँ रात हुन्छ भन्ने तथ्यसहितको कुरा प्रमाणित गऱ्यो । पृथ्वीको आकार चेप्टो भए पूरै धर्तीमा एकैचोटी दिन र रात हुन्थ्यो तर पृथ्वी गोलो भएको कारण यसको आधा भागमा मात्रै दिन हुन्छ र आधा भागमा रात हुन्छ । अर्थात् पृथ्वीको गोलो आकारको कारण जुन बेला पृथ्वीको पूर्वी भागमा दिन हुन्छ ठीक त्यही बेलामा पृथ्वीको पश्चिमी भागमा रात भइरहेको हुन्छ । पृथ्वीको गोलो आकारले गर्दा नै सबै ठाउँमा बाऱ्ह घण्टाको दिन र बाऱ्ह घण्टाको रात हुँदैन । पृथ्वीको ध्रुवीय क्षेत्रमा ६ महीनाको दिन र ६ महीनाको रातसमेत हुन्छ ।

यस प्रकार मानव समाज क्रमशः विकासको चरणमा लाखौं वर्ष लगाएर ज्ञानको दिशामा अगाडि बढेको छ । स्वभावैले शुरू–शुरूमा मानव समाजसँग साधन र स्रोतको अभावले गर्दा विज्ञान र प्रविधिको अविष्कार नभइसकेको हुनाले जुन ज्ञान प्राप्त गरेका थिए, त्यो अधूरो, अप्रमाणित, अनुमानित र काल्पनिक मात्रै भएको हुनाले सारमा ती कुराहरू ज्ञानको रूपमा गलत साबित हुँदै गए । पछिल्लो पाँच सय वर्षमा मानव समाजले गरेको विज्ञान र प्रविधिमा अद्वितीय विकासले गर्दा ब्रह्माण्डको बारेमा सबैभन्दा बढी जान्न सक्षम भएका छन् । हुनत अझै पनि जान्नुपर्ने र खोज गरेर निष्कर्ष निकाल्नुपर्ने चीजहरू निकै छन् तर आधारभूतरूपमा आजको मानवसँग सृष्टिको सुरुआत र वर्तमान तथा भविष्यबारे जान्न सक्ने थुप्रै आधार विकसित भइसकेका छन् । अतः सही ज्ञान पाउन विश्वासमुखी होइन विज्ञानमुखी बन्नुपर्छ ।

# सिराहामा विद्युत् चुहावट सात प्रतिशत घट्यो

लहान, १३ साउन/रासस

सिराहामा विद्युत् चुहावट सात प्रतिशतले घटेको छ । विद्युत् चुहावट नियन्त्रण अभियान सञ्चालन भएपछि आर्थिक वर्ष २०७८/७९ मा सिराहाको लहान क्षेत्रमा विद्युत् चुहावटमा कमी आएको हो ।

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र लहानले चुहावट नियन्त्रणका लागि अभियान सञ्चालन गरेपछि चुहावट घटेर २५ प्रतिशतमा झरेको हो । गत आर्थिक वर्ष २०७७/७८ मा ३२ प्रतिशत विद्युत् चुहावट हुँदै आएकामा आव २०७८/७९ मा विद्युत् चुहावट २५ प्रतिशतमा झरेको वितरण केन्द्र लहानका प्रमुख जीतेन्द्रकुमार यादवले जानकारी दिए ।

यस्तै, आव २०७८/७९ मा विद्युत्को महसूल नबुझाउने एक हजार ७९४ ग्राहकको विद्युत् लाइन काट्दा एक हजार ३५४ ग्राहकबाट रु पाँच करोड दुई लाख ६७ हजार बाँकी बक्यौता रकम असुली भएको प्रमुख यादवको भनाइ छ ।

त्यस्तै, केन्द्रले सो अवधिमा हुकिङ गरी विद्युत् चुहावट गर्ने २१ जनालाई पक्राउ गरी जरिवानाबापत रु १६ लाख ४१ हजार राजस्व सङ्कलन गरेको जनाएको छ । सो क्रममा ७९ वटा विद्युत् उपकरणसमेत बरामद गरिएको प्रमुख यादवले बताए ।

त्यस्तै, विद्युत् मिटरबाट विद्युत् चोरी गर्ने १५ जनामाथि कारबाई गरी रु २१ लाख १७ हजार राजस्व सङ्कलन गरिएको केन्द्रले जनाएको छ । रिकनेक्सन दस्तुरबापत रु नौ लाख ८५ हजार राजस्व सङ्कलन भएको यादवले जानकारी दिए । आव २०७८/७९ मा एक हजार ९७२ ग्राहक थपिएका छन् । योसँगै लहान क्षेत्रमा ग्राहकको सङ्ख्या ६५ हजार ३२४ पुगेको छ ।

यसअघि आव २०७७/७८ मा वितरण केन्द्रले रु एक करोड ५० लाख राजस्व सङ्कलन गरेको थियो ।

# जलेश्वर भन्सारद्वारा १८१ प्रतिशत राजस्व असुली

जलेश्वर, १३ साउन/रासस

महोत्तरीको जलेश्वर भन्सार कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा १८१ प्रतिशत राजस्व असुली गरेको छ । कार्यालयले आव २०७८/७९ को साउनदेखि असार मसान्तसम्ममा रु एक अर्ब ७० करोड ७० लाख ७७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको थियो ।

भन्सार कार्यालयले सो अवधिमा तीन अर्ब नौ करोड ३४ लाख ७० हजार राजस्व असुली गरेको भन्सार अधिकृत एवं सूचना अधिकारी डिल्लीराम सुवेदीले जानकारी दिए ।

जलेश्वर भन्सारले पैठारी महसूलतर्फ रु एक अर्ब ११ करोड ८२ लाख सात हजार लक्ष्य लिएकोमा एक अर्ब ८६ करोड ३९ लाख २४ हजार सङ्कलन गरेको छ । त्यस्तै, मूल्य अभिवृद्धि करतर्फ रु ४३ करोड ५२ लाख सङ्कलन गर्ने लक्ष्य लिएकोमा ९४ करोड ७६ लाख ४१ हजार सङ्कलन गरेको छ ।

त्यसैगरी, अन्तःशुल्कतर्फ रु पाँच करोड ३१ लाख ६९ हजार सङ्कलन गर्ने लक्ष्य लिएकोमा चार करोड ८१ लाख ३४ हजार सङ्कलन गरेको छ । त्यसैगरी, अन्यतर्फ १० करोड ५ लाख एक हजार सङ्कलन गर्ने लक्ष्य लिएकोमा २३ करोड ३७ लाख ७२ हजार राजस्व सङ्कलन गरेको जनाइएको छ ।

सो भन्सार कार्यालयले गत आव २०७८/७९ मा जम्मा एक अर्ब ७० करोड ७० लाख ७७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा सो अवधिमा रु तीन अर्ब नौ करोड ३४ लाख ७० हजार राजस्व असुली गरेको सूचना अधिकारी सुवेदीले बताए ।

# अठार लाखको मदिरा बरामद

जलेश्वर, १३ साउन/रासस

महोत्तरीको मनरासिस्वा नगरपालिका–५ स्थित नेपाल–भारत सीमानजीकबाट भारत लैजान लागेको रु १८ लाखको मदिरा प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टका अनुसार स्थानीय कटैया गाउँमा सीमापारि चोरी तस्करी गर्ने उद्देश्यले लुकाइछिपाइ भण्डार गरी राखिएको मदिरा गएराति प्रहरीले बरामद गरेको हो । ६६७ कार्टुनमा प्याक गरी राखिएका विभिन्न ब्रान्डका मदिरा प्रहरीचौकी कट्टीकटैया र जिल्ला प्रहरी कार्यालयको संयुक्त टोलीले बरामद गरेको हो ।

बरामद मदिरा प्रहरीले आन्तरिक राजस्व कार्यालयको जिम्मा लगाएको छ । उक्त मदिरा ओसारपसारमा संलग्न व्यक्तिको पत्तो लाग्न नसकेको प्रहरीले जनाएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# साउन र शाकाहारी जीवन

स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com

भोजनसम्बन्धी दुईवटा मान्यता रहेका छन्– शाकाहार र मांसाहार । शाकाहार भोजनलाई सबैले मन पराउँछन् र मांसाहार भोजनलाई धेरै ठाउँमा वर्जित गरिएको हुन्छ ।

मानिस पहिले शाकाहारी थियो कि मांसाहारी भन्ने विषयमा नै विवाद रहेको पाइन्छ । आफ्नै किसिमले तर्कहरू गरिएका छन् ।

कतिपय अवस्थामा शाकाहारी खाना कुन र मांसाहारी खाना कुन भनेर पनि तर्कहरू गरिन्छन् । सामान्यतः कुनै जीवजन्तुको मासुलाई भोजनको रूपमा तयार पारेर खानुलाई मांसाहारी भनिन्छ तर विवादको कुरो अलिकति अन्डामा देखिन्छ । अन्डालाई कतिपय स्थानमा शाकाहार मानिएको पाइन्छ भने कतिपय स्थानमा मांसाहार । जीवबाट उत्पादित भएकोले यसलाई मांसाहार र यो सजीवको हत्या नभएकोले शाकाहार भनी तर्क गरिएको पाइन्छ ।

शाकाहार भोजनको परिभाषा स्थानीय परिवेश र व्यक्ति अनुसार पनि हुन सक्छ । अहिले पनि अधिकांशले मदिरापानलाई आफूले मान्ने शाकाहारी समयमा सेवन गर्दैनन् । अर्थात् कुनै पूजा वा व्रत बसेको दिन मदिरापान गर्दैनन् तर कतिपयले भने मदिरालाई शाकाहार नै मान्छन् । माछा, मासु वा अन्डालाई सितनको रूपमा प्रयोग गर्न वर्जित गर्ने तर मदिरा भने पिउने गर्छन् । यसलाई वैयक्तिक मनोविज्ञानसित पनि जोड्न सकिन्छ ।

धेरै मानिस म्यादी शाकाहारी हुन्छन् । म्यादी शाकाहारी भन्नुको तात्पर्य हो, तोकिएको म्यादभित्र नखाने । जस्तो कि कतिपय मानिस आइतवार वा मङ्गलवार वा बिहीवार मांसाहारी भोजन खाँदैनन् । कोही एकादशी तिथिलाई बार्दछन् । यस्तै, केही चाडपर्वको दिन वा त्यसको अघिपछि पनि खाँदैनन्, जस्तो कि दीपावली, छठ आदि । कोही कुनै एक महीनालाई मान्दछन् । र मलाई के विश्वास छ भने सबैभन्दा बढी मानिस दीपावली र छठ गरी दुई दिन शाकाहारी हुन्छन् । यसैगरी, सबैभन्दा बढी मांसाहारी चाहिं होलीको दिन हुन्छन् । यदि एक महीनालाई शाकाहारी महीनाको रूपमा चयन गर्ने हो भने सम्भवतः साउन नै पर्न आउँछ । सम्भवतः साउन महीनामा शाकाहारी बढी हुनुपर्ने मुख्य कारण धार्मिक विश्वास नै हो । माथिका दृष्टान्तहरूले पनि शाकाहारी दिन वा चाडपर्व धार्मिक कारणले हुने गरेको स्पष्ट पारिसकेका छन् । यसरी शाकाहारी भोजन धार्मिक कारणले बढी हुन्छ भन्ने स्पष्ट छ तर स्वास्थ्य वा स्वादको कारणले पनि मानिसले शाकाहारी भोजन गर्दछन् भन्ने कुरालाई पनि अस्वीकार गर्न सकिन्न ।

साउनको महीनाभर शाकाहारी भोजन गर्नेहरू बढ्छन् । मानिस बढ्दा परिवारको सङ्ख्या पनि बढेको पाइन्छ । धेरै परिवार नै यस्तो देखिएको छ, जसको घरका कुनै पनि सदस्य यस महीनाभर माछा, मासु र अन्डाका साथै जीवजन्य पदार्थको भोजन गर्दैनन् । अझ साउनलाई मान्नेहरूमध्ये केही त यस्ता पनि छन्, जो साउनलाई नामले नै परिभाषित गर्दछन् । अर्थात् साउन महीनालाई तिथि र संवत् दुवैले मान्दछन् । अर्थात् तिथि वा संवत जुनले पहिले साउन शुरू हुन्छ, त्यहींबाट शाकाहारी जीवन शुरू गर्दछन् र जुनले अन्तिममा समाप्त हुन्छ, त्यहाँसम्म शाकाहारी रहिरहन्छन् । यो मुख्यतः नेपालको तराई–मधेसमा हुने गर्दछ । यसरी शाकाहार बस्दा कतिपयले त कुनै कुनै वर्ष एक महीनाको नाउँमा डेढ महीनासम्म शाकाहार जीवन बिताउनुपर्छ ।

म्यादी शाकाहारी भोजन भनेको वास्तवमा निश्चित अवधिको लागि शाकाहारी भोजन गर्ने भनेको हो र अन्य दिनमा उसको अगाडि विकल्प हुन्छ । फलानो दिन मांसाहार भोजन गर्ने नै छु भन्ने हुन्छ भने होलीमा नै हो । दोस्रो विकल्प भनेको नयाँ वर्ष हो । अन्यथा मांसाहार भोजन गर्नेले पनि सामान्यतया हरेक दिन र हरेक छाक मांसाहार नै गर्ने होइन । मांसाहार भोजन गर्नेले पनि शाकाहार भोजन गर्दछन् नै । यसरी के भनिन्छ भने सामान्यतया संसारमा कुनै एक दिन वा औसतमा एक दिन लिने हो भने त्यस दिनको एक छाक मांसाहारभन्दा शाकाहार भोजन गर्नेको सङ्ख्या बढी हुन्छ ।

र हाम्रो लोकजीवनमा यदि वार्षिक वर्तमानलाई हेर्ने हो भने साउन महीनामा शाकाहारी बढी हुन्छन् भन्ने तथ्यको रूपमा केही दृष्टान्तहरू देखिन्छन् । माछामासु पाइने होटलमा बिक्री कम हुन्छ, मासुपसलेले पनि बिक्री धेरै कम भएको बताउँछन् र माछा विक्रेताहरूको पनि भनाइ यही हुन्छ कि बेपार धेरै कम भइसकेको छ । तथा धेरै मानिसले सामाजिक सञ्जालमा नै सोझै शाकाहारी छु भन्छन् । अझ कतिपय यस्ता पनि दुर्लभ मानिस भेटिन्छन्, जसले यो भन्छन् कि म साउन महीनाभर कुनै पनि किसिमको आयातित ड्रिंक्स लिदिनँ । वर्तमान आधुनिक जीवनमा पूर्ण शाकाहार कसरी बस्न सकिन्छ भन्ने अभ्यास गरिरहेको छु ।

आफ्मथि नै प्रयोग आफैंमा एउटा साधना हो । शाकाहार भोजनलाई धेरैले राम्रो मान्ने गरेका छन् । शास्त्रहरूमा त झन् शाकाहार जीवनलाई नै प्रधानता दिइएको पाइन्छ । र साउन महीनामा शाकाहारी धेरै हुनुमा धार्मिक कारण पनि हो । जहिलेदेखि मानिसहरू साउन महीनाभर बाबाधाम जान थालेका हुन्, त्यही समयदेखि साउन महीनालाई नै शाकाहारी महीना मान्नेको सङ्ख्या बढ्दै गएको हो । साउन महीनालाई पवित्र महीनाको रूपमा मानेर पवित्र महीनालाई




अझ पवित्र बनाउन शाकाहार भोजनतर्फ मानिस आकर्षित भएका हुन् । साउनमा शाकाहारी हुनेको सङ्ख्या हरेक वर्ष निरन्तर बढिरहेको छ पनि । अर्थात् साउन महीनामा मांसाहार भोजन गर्नेको सङ्ख्यामा कमी आइरहेको छ ।

साउनमा धार्मिक कारणले मानिस बढी शाकाहारी भएका हुन् र धार्मिक विश्वास नै हो बढी शाकाहारको तर स्वास्थ्यको कारण पनि जिम्मेवार देखिन्छ । कतिपय रोगीलाई वा कतिपय औषधि खाइरहेका मानिसलाई चिकित्सकले कहिलेकाहीं खानु वा अलिकति मात्र लिनू भनेका हुन्छन् भने त्यस किसिमका मानिसले निस्सन्देह साउनलाई शाकाहारी महीना मान्छन् । वर्षमा धेरै माछामासु खाइरहनेले पनि माछामासुको धेरै सेवनले पछि स्वास्थ्यलाई नोक्सानी पुऱ्याउने हुन्छ भन्ने कुरो बुझेर सम्भव भएसम्मको कम गर्ने उपायको रूपमा साउन महीनालाई शाकाहारी महीना बनाउँछन् । यो आत्मनियन्त्रणको महीना पनि बन्न पुग्छ । आत्मनियन्त्रण पनि साधना नै हो ।

शाकाहारी भोजन गर्नेहरूले आफैंसित स्वास्थ्यको कामना गरिरहेका हुन्छन् । शाकाहारी भोजनले स्वाभाविक वृत्ति दिने हुन्छ । मनोवृत्तिमा पर्ने प्रभाव सामान्य हुन्छ । अहिंसात्मक भावको प्रादुर्भाव स्वाभाविकरूपले शाकाहारी भोजनबाट हुने गर्दछ । शाकाहारी भोजनलाई त्यसैले सर्वोत्तम भोजन मानिएको हो । शाकाहारी भोजनको सर्वोच्च आस्था फलाहारलाई मानिन्छ । साधारण भोजनको सर्वोच्च रूप पनि फलाहारलाई मानिन्छ । यद्यपि शाकाहार, फलाहार र मांसाहार जे भएपनि सबैमा मानिसले आफूलाई नियन्त्रण गर्नु नै पर्दछ । भोजनमा सन्तुलन आवश्यक हुन्छ । एकै किसिमको जुनै भोजन पनि एउटा साधना भएपनि मध्यम बाटो भन्नु सामान्य शाकाहारी जीवन र भोजन हो । वर्षमा कम्तीमा एक महीना शाकाहारी भोजन गरेर धेरैले आफ्नो शरीरलाई सन्तुलनमा ल्याउन चाहन्छन् । यो आरोग्य कामनाको स्वद्योतक पनि हो भन्ने बुझ्न सकिन्छ ।

# उमेरले १०६, जोश जाँगर युवाझैं

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

'चल दउर के देख लेवल जाँव, के जितता ?' अर्थात् 'जाऊँ दौडेर हेरौं को जित्छ ?' उहिले कुश्ती लडेका उनी अहिले पनि खुला चुनौती दिन्छन् । अति वृद्ध उमेरमा पनि जोश जाँगरमा कुनै कमी छैन । उमेर बढेसँगै आफूलाई वृद्धवृद्धा वा रोगी ठान्ने व्यक्तिहरू र युवापुस्ताका लागि उनी उदाहरणीय छन् । मझौला कद काठीसँगै पातलो शरीर तथा गोरो अनुहारमा मुस्कान अति सुहाउँछ । दाँतविहीन मुखारबाट प्रस्फुटित हुने स्वर झन कर्णप्रिय लाग्छ ।

भनिन्छ, वृद्धावस्था रोगको घर त हो नै, शारीरिकशक्ति शिथिल हुनुका साथै स्मरणशक्ति क्षीण हुँदै जान्छ । तर यो कथन उनीमाथि लागू हुँदैन । किनभने उनलाई कम्मरको दुखाइबाहेक न कुनै रोग छ, न स्मरणशक्तिमा ह्रास नै आएको छ । स्वस्थ व्यक्ति सरह नियमित हिंड्डुल तथा हाटबजार हिंडेर जानुका साथै नित्यकर्मका लागि आफैं सक्षम छन् ।

राणाकाल, पञ्चायतकाल, हैजा, १९९० र २०७२ को भुइँचालो, प्रजातन्त्र र गणतन्त्रसँगै उहिलेको असुविधा र अहिलेको सुविधाबीचको अन्तर अनुभूति गरेका उनी नवपुस्ताका लागि जिउँदो इतिहास हुन् । उनको जीवनबारे खोतल्ने प्रयास गरिरहँदा विगतका कुरा सम्झेर उनको मुहारमा खुशीको तरङ्ग स्पष्ट झल्किरहेको थियो ।

१०६ वर्षीय वृद्धको बारेमा सामाजिक अभियन्ता बृजेश्वरप्रसाद चौधरीमार्फत जानकारी प्राप्त भयो । हामी दुईजना गत शनिवारको दिन टण्टलापुर घाममा बिहान एघार बजे ग्रामीण क्षेत्रको लागि प्रस्थान गऱ्यौं । पर्साको जगरनाथपुर गाउँपालिका–४ बिजबनिया गाउँ निवासी मुनेश्वरप्रसाद यादवसँग भएको कुराकानीको संक्षिप्त अंश प्रस्तुत छः

चार दाजुभाइ तथा एक बहिनीमध्ये म माहिलो हुँ । दुई छोरा र एक छोरीसँगै चौबीसजना नातिपनातिहरू छन् । विसं २०३५ ताका वडाध्यक्ष पदमा गाउँवासीले मलाई निर्वाचित गरेर सेवा गर्ने मौका पनि दिएका थिए ।

उहिले खानपानको प्रकार यतिविघ्न वृहत् त थिएन, तर जे पाइन्थ्यो र खाइन्थ्यो त्यो शुद्ध, पौष्टिक, सुपाच्य र सन्तुष्टिपूर्ण थियो । मांस र मदिराको बिगबिगी थिएन । कडा परिश्रम गरी उत्पादन गरिएको अन्न, तरकारी, दूध र दहीको पौष्टिकता अहिलेको मिसावटयुक्त खाद्य पदार्थसँग तुलना गर्न मिल्दैन । श्रम गरेपछि भोक लाग्छ । भोक लागेपछि साग, सातु जे भएपनि मीठो लाग्छ । आत्मसन्तुष्टिसहित गर्ने भोजनले नशा लागेझैं निद्रा लाग्छ । अहिले जस्तो भोक र निद्रा उहिले औषधिमा निर्भर थिएन ।

अहिलेको समयमा वृद्धजनको काखमा बसेर कथा सुन्दै काखमैं निदाउने उहिलेको परिवेश अहिले टिभी, इन्टरनेट, मोबाइल र सामाजिक सञ्जाल आदिमा विलुप्त भइसकेको छ । अस्वस्थकर भोजन, अपर्याप्त निद्रा र मानसिक चिन्ताले रक्तचाप, मधुमेह जस्ता रोगहरू अहिले आम भइसकेका छन् । उहिले भान्साघरको कामकाजदेखि कृषि कार्य,



१०६ वर्षीय मुनेश्वरप्रसाद यादव

यात्रा आदि सबैथोक शारीरिक श्रममा आधारित थियो । स्वास्थ्य, शिक्षा, सडक, विद्युत्, यातायात, सञ्चार जस्ता विविध असुविधा त थिए, तर जीवनयापन विशुद्ध प्रकृतिमय थियो ।

**स्वास्थ्य**

कम्मरमा कहिलेकाहीं हुने दुखाइबाहेक अरू कुनै रोग छैन । स्नान, पूजापाठ आदि नित्यकर्म गर्न म पूर्ण सक्षम छु । गाउँघर र खेतबारी मात्र होइन, एकतर्फी झन्डै पाँच किमी टाढा सीमावर्ती इनर्वा बजार हिंडेर जान्छु र फर्किन्छु । उहिले वीरगंजलगायत टाढाको यात्रा हिंडेर जानुको विकल्प थिएन । वीरगंजदेखि बेलुका पाँच बजे हिंडेर राति आठ बजेसम्म घर आइपुग्थें । अहिलेका युवाहरू पल्लो गाउँ जानुपर्दा पनि सवारी नभई जाँदै जाँदैनन् । स्वस्थकर आहार व्यवहारको अनुसरण गरेर दीर्घायुका साथै बढ्दो उमेरमा शक्ति सन्तुलन कायम राख्ने कुरामा अहिलेको पुस्ताले ध्यान दिनुपर्छ ।



वृद्ध मुनेश्वरप्रसाद यादव र लेखक ।

**बाल्यकाल र शिक्षादीक्षा**

अनौपचारिक शिक्षा गाउँमैं प्राप्त गरें । छिमेकी गाउँका स्वर्गीय शिवरतन चौधरी शिक्षा दिने पहिलो गुरु हुन् । रुवा, सवाई र ढैयालगायतका हिसाबकिताब उनीबाट सिकें । भुइँमा माटोको पाटी बनाएर लेख्ने–पढ्ने गरिन्थ्यो । धेरैपछि माटो तथा कुटबाट बनेको स्लेटको विकास भयो । खोलामा पाइने भाठा माटोको चक बनाइन्थ्यो ।

बिजबनियादेखि दुई किमी टाढा जगरनाथपुरको गणेश महतोको फुसको घरमा कक्षागत शिक्षा प्रारम्भ गरें । पढेबापत प्रतिमहीना तीन रुपैयाँ दिनुपर्थ्यो । यसको अलावा 'शनिचरा' अर्थात् प्रत्येक शनिवारको दिन सिधा (नपकाएको अन्न) तथा आर्थिक क्षमता अनुसार चार आना वा आठ आना पैसा दिनुपर्थ्यो ।

सँगै खेल्दै र पढ्दै हुर्केका सहपाठीहरू कोही पनि भौतिकरूपमा छैनन् । जगरनाथ राउत अहिर, मखु गद्दी, बाढु ठाकुर लोहार, डाढु ठाकुरलगायतका थुप्रै बाल्यकालीन साथीहरूसँग पढें, खेलें र डुलेको त्यो पुनः फर्केर आओस् भन्ने लाग्छ ।

**कुश्ती**

उहिले शारीरिक तन्दुरुस्तीका लागि कुश्ती अनिवार्य आवश्यकता थियो । किनभने प्रहरीविहीन गाउँहरू असुरक्षित थिए । चोर–डाँकाहरूको बिगबिगीले आफ्नो सुरक्षा आफैंमा निर्भर थियो । यस कारणले पनि शारीरिक सुगठन आवश्यक थियो । प्रायःजसो गाउँमा अखाडा थियो । कुश्ती शारीरिक सुगठनका लागि मात्र नभई सुरक्षाको दृष्टिकोणले पनि अहम् थियो । मेरो परिवारमा १६ वटा भैंसी र दुई सयवटा गाई थिए । ताजा र शुद्ध दूध, दही र घ्यूको कमी थिएन ।

**कृषि प्रणाली**

त्यस बेला धानको रोपाइँ यसरी हुन्थ्यो– पहिलो चरणमा खेतमा मनग्यै पानी हाल्ने, दोस्रो चरणमा अग्ला घाँसपात मालवस्तुले चराउने, तेस्रो चरणमा हलोले खेत जोत्ने र चौथो चरणमा तयार खेतमा धान छरिन्थ्यो । यस विधिलाई बोलचालमा 'बावग' विधि भनिन्थ्यो । यस विधिको धेरैपछि बिडारमा धानको बीउ छर्ने, उमार्ने र खेत तयार गरेर रोपाइँ गर्ने प्रचलन शुरू भयो । हरवाह र कुदरवाहको छ सेर ज्याला थियो । रोपाइँ गर्ने प्रचलन शुरू भएपछि रोपाहारको आवश्यकतासँगै पाँच सेर 'बनिहारी' (ज्याला) थप भयो ।

अहिले कृषि कार्य रासायनिक मलखादमा निर्भर छ । तर उहिले गाईगोरुको पालनपोषणले मानवीय जीवनलाई दूध, दही, घ्यू, गोबरले बनेको गुइँठा, चिपरी र गोहरा खाना पकाउने इन्धन र कृषि कार्यको लागि प्राकृतिक

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व–८७





महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

धर्मपुत्र युधिष्ठिर ब्राह्मणभक्त, सत्यवादी, जीतेन्द्रिय, गुरु र देउताको सम्मान गर्ने, सदैव धर्मपरायण, अस्त्रविद्यामा विशेष कुशल, धैर्यवान् र कृतज्ञ हुन्। उनका भाइहरू पनि बलवान् छन् र अस्त्रविद्यामा परिश्रम गरेका छन्। ती सबै बुद्धिमान्, धर्मात्मा र यशस्वी तथा उनीहरूका सम्बन्धी पनि इन्द्रको समान पराक्रमी र उनीप्रति प्रेमभाव राख्ने खालका छन्। अतः पाण्डवहरूको कहिले पनि नाश हुन सक्दैन । अर्जुन तथा भीमसेनले चाहे भने आफ्नो अस्त्रबलबाट देउता, असुर, मानिस, यक्ष, राक्षस, भूत र नागगणले युक्त सम्पूर्ण जगत्को विनाश गर्न सक्छन् । युधिष्ठिरले पनि यदि रोष भरेको दृष्टिबाट हेरे भने यस भूमण्डललाई भस्म गर्न सक्छन्। जसको बलको कुनै सीमा छैन ती भगवान् श्रीकृष्ण पनि कवच धारण गरेर तम्तयार छन्, ती शत्रुहरूलाई जित्ने साहस तिमी कसरी गर्न सक्छौ ?

यो सुनेर कर्णले हाँस्दै भने– बाहुन बाजे, तपाईंले पाण्डवहरूको विषयमा जे कुरा भन्नुभयो, त्यो सबै साँच्चै हुन् । यतिमात्र होइन, अरू पनि धेरै गुण पाण्डवहरूमा छन् । यो ठीकै हो कि उनीहरूलाई इन्द्र आदि देउता, दैत्य, गन्धर्व, यक्ष, पिशाच, नाग र राक्षसहरूले पनि जित्न सक्दैनन्, तापनि म उनीहरूमाथि विजय अवश्य नै पाउनेछु। मलाई इन्द्रले एउटा अमोघ शक्ति दिएका छन्, त्यसैद्वारा म युद्धमा अर्जुनलाई मार्नेछु। उनीहरू मरेपछि उनीहरूका सहोदर भाइहरूले कस्तै गरे पनि पृथ्वीको राज्य भोग गर्न सक्दैनन् । तिनीहरूको नाश भएपछि समुद्रसहित यो सम्पूर्ण पृथ्वी अनायास नै कुरुराजको अधीनमा भइहाल्नेछ। तपाईं स्वयम् बूढो भइसकेको हुनाले युद्ध गर्नमा असमर्थ हुनुहुन्छ, साथै पाण्डवहरूमाथि तपाईंको ठूलो स्नेह पनि छ, त्यसैले मोहवश मेरो अपमान गर्दै हुनुहुन्छ तर सम्झिराख्नुहोस्, यदि मेरो विषयमा फेरि कुनै अप्रिय कुरा मुखबाट बोल्नुभयो भने तरबारबाट तपाईंको जिब्रो काटिदिनेछु । तपाईं कौरवहरूलाई तर्साउनको लागि पाण्डवहरूको स्तुति गर्न चाहनुहुन्छ ? मैले त पाण्डवहरूको कुनै विशेष प्रभाव हेरिरहेको छैन, दुवै पक्षमा सेनाहरूको समानरूपमा संहार भइरहेको छ । जसलाई तपाईंले विशेष बलवान् ठानिरहनुभएको छ, उनीहरूको साथ म पूर्ण शक्ति लगाएर युद्ध गर्नेछु । विजय त प्रारब्धको अधीनमा छ ।

सूतपुत्र कर्णलाई आफ्नो मामाप्रति कठोर भाषण गरिरहेको हेरेर अश्वत्थामाले हातमा तरबार लिएर बडो वेगको साथ कर्णतिर झम्टे । दुर्योधनले हेर्दाहेर्दै उनी कर्णको छेउमा पुगेर अत्यन्त क्रोधित स्वरले भने– हरे नीच, मेरा मामा शूरवीर हुन् र उनी अर्जुनको साँचो गुणको कीर्तन गर्दै हुनुहुन्छ । तिम्रो अर्जुनसित द्वेष भएको कारणले उनको तिरस्कार गरिरहेका छौ। तिमीले आफू मात्रै आफ्नो शूरताको वर्णन गरिरहेका छौ तर अर्जुनले तिमीलाई हराएर तिमीले हेर्दाहेर्दै जयद्रथको वध गरेका थिए, त्यति बेला तिम्रो पराक्रम कता गएको थियो ? र कहाँ राखिएका थिए तिम्रा हातहतियार ? जसले युद्धमा साक्षात् महादेवजीलाई सन्तुष्ट गरेका छन्, उनलाई जित्न तिमीले व्यर्थ चिताइरहेका छौ। श्रीकृष्ण साथमा रहुञ्जेल अर्जुनलाई इन्द्रादि देउता र असुरहरूले पनि परास्त गर्न सक्दैनन्, अनि उनलाई तिमीले कसरी जित्न सक्छौ ? नराधम, पख, म अहिले नै तिम्रो शिर गिडिदिनेछु ।

यति भनेर अश्वत्थामा बडो वेगले कर्णतिर बढे तर स्वयम् राजा दुर्योधन र कृपाचार्यले उनलाई समातेर रोकिदिए। कर्णले भन्न थाले– यो दुर्बुद्धि नीच बाहुनले आफूलाई बडो शूर र लडाकू ठानिरहेको छ । कुरुराज, तपाईंले नरोक्नुहोस्, यसलाई छाडिदिनुहोस्, अलिक यसलाई आफ्नो पराक्रमको स्वाद चखाइदिऊँ ।

अश्वत्थामाले भने– मूर्ख, सूतपुत्र, तिम्रो यो अपराध हामीले सहन गरिलिनेछौं तर अर्जुनले तिम्रो बढेको यस घमण्डलाई अवश्य नै नाश गर्नेछन् ।

दुर्योधनले भने– भाइ अश्वत्थामा, शान्त होऊ। तिमी त अर्कालाई सम्मान दिने खालका मान्छे हौ, यस अपराधलाई क्षमा गर । तिमीले कर्णमाथि क्रोध गर्नुहुँदैन। विप्रवर मैले त तपाईं र कर्ण, कृप, द्रोण, शल्य तथा शकुनिमाथि नै यो महान् कार्यभार दिइराखेको छु ।

यस प्रकार राजाले मान गरेपछि अश्वत्थामाको क्रोध शान्त हुन पुग्यो । कृपाचार्यको स्वभाव पनि अत्यन्त कोमल थियो, उनी शीघ्र सदय भएर भने– सूतपुत्र, मैले त तिम्रो अपराधलाई क्षमा गरिदिइरहेको छु तर तिम्रो बढेको घमण्डलाई अर्जुनले अवश्य नाश गर्नेछन्।

तदन्तर पाण्डव र पाञ्चाल वीरहरूले कर्णको निन्दा गर्दै चारैतिरबाट एकसाथ त्यहाँ आइपुगे । कर्णमाथि उनीहरूको दृष्टि परेपछि उनीहरूले उच्च स्वरले गर्जना गर्दै भने– यो पाण्डवहरूको कट्टर शत्रु हो, महान् पापी हो। सम्पूर्ण अनर्थको जरो पनि यही नै हो । यसले दुर्योधनको जुन कुरालाई पनि सही भनिरहन्छ। यसलाइ मारिहाल। क्रमश ...

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

हामीहरू उनीहरूले बनाएका झूटा कथाहरू सुनेर डराएर उनीहरूकै कुरा सुन्दछौं। हामीहरू सधैंभरि आफूलाई नै पापी सम्झन्छौं। हामी सधैं जीवनभरि नै गलत नै गलत गर्छौं भन्ने सोचाइराख्छौं तर वास्तवमा हामीहरू जीवनलाई सही तरीकाबाट जीवनयापन गरिरहेका हुन्छौं। यो कुरा हामीहरूले नै जीवनको बोध गरेर अघि बढ्नुपर्छ। के दिन के रात सधैंभरि कर्म मात्र गरिरहनुहुन्छ ? अलिकति समय धर्मको लागि पनि निकाल्नुस् भनेर उनीहरूले हामीलाई भनिरहन्छन् । उनीहरू भन्छन् सबै थोक यही बस्छ केवल धर्म मात्र मृत्युसँगै जान्छ। उनीहरू आफू कर्म गर्न सक्दैनन्, त्यही भएर आफ्नो सत्ता बचाउनको लागि उनीहरू मानिसहरूको कर्मलाई महत्त्वहीन वा पापको दर्जा दिइरहन्छन् । यसले गर्दा मानिसहरूको कर्मबाट धर्म बाहिर निस्कन्छ । यही कारणले संसारमा यति पाप बढी राखेको छ ।

यदि मनमा भगवान्लाई सम्झेर हामीले गर्ने कर्मलाई नै धर्म मानेर इमानदारीका साथ कर्म गर्ने हो भने यो संसार नै धार्मिक हुन सक्छ र सबै कुरा ठीकठाक हुन सक्छन्। यदि कुनै मानिस जागीर खान्छ र उसले आफ्नो काम पूरा इमानदारीका साथ गर्छ, आफ्ना साथी सहपाठीहरूसँग राम्रो व्यवहार गर्छ, समयको ख्याल राख्छ, ऊ जहाँ काम गर्छ, त्यो संस्थाको उन्नतिमा आफ्नो पूरा ध्यान राख्छ तर उसले धर्म गर्नको लागि अलग्गैबाट कुनै धार्मिक गतिविधि गर्दैन भने पनि ऊ धार्मिक व्यक्तित्व हुन जान्छ। यस्तै किसिमले कुनै व्यवसायीले आफ्नो कारोबार पूर्ण इमानदारीका साथ गर्छ, आफ्ना ग्राहकहरूसँग अत्यन्त राम्रो व्यवहार गर्छ, आफ्ना ग्राहकहरूको भलाई सोच्छ, आफूसँग कारोबार गर्ने सबैसँग सही नीतिले कार्य गर्छ, आफ्नो संस्थामा कार्य गर्ने कर्मचारीप्रति सद्भाव राख्छ भने ऊ धार्मिक व्यक्ति हो । यसैगरी, एकजना चिकित्सकले सेवा भावनाले कार्य गर्छ र रोगीहरूलाई औषधिको साथसाथै माया पनि गर्छ । रोगीहरूलाई वस्तु नसम्झेर मानिस नै हुन् भन्ने ठान्दै मानवीयताको साथ उपचार गर्छ । उनीहरूको दुखाइ ठीक पार्न पूरा ध्यान दिन्छ भने ऊ धार्मिक व्यक्ति हो। यदि कुनै व्यक्ति आफ्नो जीवनका प्रत्येक गतिविधि इमानदारीपूर्वक गर्छ र कुनै पनि अरू धार्मिक गतिविधिमा संलग्न हुँदैन भने पनि ऊ धार्मिक व्यक्तित्व हो। जो धार्मिक व्यक्तित्व हुन्छ, ऊ आफ्नो काममा अरूभन्दा सफल हुन्छ। उसको आन्तरिक जीवनमा सुख र आनन्द पनि धेरै हुन्छ तर वास्तविक धरातलमा यस किसिमका मानिसहरू धेरै कम मात्र भेटिन्छन् । मानिसहरूमा गलत प्रवृत्ति हाबी हुँदै गइरहेको छ। उनीहरू क्रोध, लालच, ईर्ष्या आदिको वशमा छन् । कसैमा यी विकारहरू कम छन् र कसैमा यी विकारहरू बढी छन् । हामीहरू यी विकारहरू हटाउन जे उपाय गर्छौं, त्यसलाई हामीहरू धर्म वा अध्यात्म भन्ने गर्छौं । यसको उद्देश्य यही हुन्छ कि मानिसले त्यस उपायद्वारा आफ्नो जीवनको असली स्वभावलाई सम्झना गर्न सकोस् र आफ्नो आत्मालाई जान्न सकोस्। त्यसमा रहेर आउने विचारलाई आफ्नो जीवन पद्धतिमा उतार्न सकोस्। यहाँ विकसित भएको उसको दिव्य आभाले उसको जीवनमा प्रकाश भर्न सकोस् । जीवनमा यस्तो भएको भए ठीक हुन्थ्यो तर यस्तो भएको कहींकतै देखिंदैन । मानिसहरूले यी दुईवटा गतिविधिलाई अलग–अलग गरिदिएका छन् । धर्मलाई मानिसहरूले व्यापार बनाएका छन्। सबै धार्मिक भनाउँदाहरू आआफ्नो व्यापार बढाउनमा व्यस्त छन्। धर्मको जुन लाभ मिल्नुपर्थ्यो, त्यो मिलिरहेको छैन। लाभको सट्टा हानि हुँदै गइरहेको छ ।

उद्देश्य स्पष्ट नभएको कार्यको कार्यदिशा गलत हुन्छ। मानिसहरूले पूजा, पाठ, कर्मकाण्ड, दान, पुण्य र ध्यान, साधना जति धेरै गर्छन्, त्यति नै धार्मिक लाभ हुनेछ भन्ने ठान्छन्। यसैले उनीहरू मात्रा माथि बढी केन्द्रित हुने गर्छन् । उनीहरूलाई यो आन्तरिक यात्रा हो भन्ने पनि थाहा छैन। यो यात्रा विकारहरूबाट पर हटेर मानवीयताको विकास गर्ने यात्रा हो । उनीहरू आन्तरिक यात्रामा हिंड्न सक्दैनन्। उनीहरू क्रियामैं अल्झिरहन्छन्। जसले धर्मलाई रोजीरोटी बनाएका छन्, उनीहरूले नै धर्म गर्नुपर्छ भन्ने कुरा खूब फैलाएका छन्। उनीहरूले कर्मकाण्डका यति धेरै तरीका बनाइदिएका छन् कि जसको कुनै अन्त्य नै छैन । हुँदाहुँदै मानिसहरूले आफ्नै घरको कम्पाउन्डमैं मन्दिर बनाउन थालेका छन्। यो विश्वमा एउटा ठूलो सङ्ख्याका मानिसहरूले यस्तै धार्मिक गतिविधिहरूबाट आफ्नो पेटपूजा गरिरहेका छन्। उनीहरूले धर्मको गलत प्रचारप्रसार गरी मानिसहरूको दिमागमा भोटे ताल्चा लगाइदिएका छन्। मानिसहरू धर्मको नाममा जुनसुकै काम गर्न तयार हुने गरेका छन् । यी ताल्चाहरूभित्र सानादेखि ठूलासम्मका मानिसहरूको विवेक थुनिएको छ। धर्मको मूल मार्गबाट मानिस पूरा भटकिएका छन् । यसै कारणले गर्दा मानवजीवन नर्कमा परिणत भएको छ। मानव–मानवबीचको नाता टुट्दै गइरहेको छ। हाम्रो मनबाट आफ्नो ऊर्जाप्रति विश्वास हटिसकेको छ ।

क्रमशः

# स्नायुसंवाहक र संवहन



वाटिका
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com


**अब कुरा उठ्छ कि के के गर्छन् यी न्युरोट्रान्समिटरहरूले ? जवाब यो छ कि के गर्दैनन् यिनीहरूले ? यिनैले हामीलाई बोल्न, सुन्न र देख्न लगाउँछन्। यिनैले स्पर्श र सुख–दुःखको अनुभूति गराउँछन्। यिनैले हामीलाई लेख लेख्न लगाउँछन्। यिनैले हामीलाई महान् बनाउँछन्।**

ब्रेनमा सय बिलियन नर्भ र पूरै शरीरमा सात ट्रिलियन नर्भ छन् । यी सबैलाई देख्दा एक वृहत् विद्युतीय वायरिङ जस्तो देखिन्छ । ब्रेनका दुई हिस्सा छन्– ग्रेमैटर र ह्वाइटमैटर । ग्रेमैटरमा खाली न्युक्लियाई हुन्छ, जसरी कुनै मोबाइल वा ट्रान्जिस्टरमा प्वाइन्ट बनेका हुन्छन् । यसैमा सारा डाटा सङ्ग्रहित रहन्छन् । ह्वाइटमैटरमा संवेदना वहन गर्ने तार हुन्छन्, जसरी कुनै ट्रान्जिस्टरमा पनि देखिन्छ । नर्भ एक मिमीदेखि तीन फुटसम्म लामो हुन्छ। सबैभन्दा ठूलो नर्भ सिएटिक नर्भ हो, जुन कुमको पछाडिबाट शुरू भएर गोडासम्म जान्छ। यो झन्डै औंला जति मोटो हुन्छ । साइटिका यसै नर्भको खराबीले हुन्छ। सबैभन्दा सानो नर्भलाई ट्रोक्लियर नर्भ भनिन्छ, जु कानमा हुन्छ। अक्सर कसैले हामीलाई यो भन्छ कि दिमागले भनेको कुरा होइन, आफ्नो मन (हृदय)को आवाज सुन र मान । हामीले यसलाई हाँसोमा उडाइदिन्छौं कि हृदय त केवल रगत पम्प गर्ने एउटा उपकरण मात्र हो । तर त्यसो होइन । हृदयले भनेको कुरा मनको अभिव्यक्ति सही हो। हृदयमा ४० हजार छुट्टै नर्भ हुन्छन्, जो ब्रेनको नर्भ सेलभन्दा बिल्कुल भिन्न हुन्छन्। त्यसैले हृदयलाई कार्डियक ब्रेन पनि भनिन्छ । दिमागबाट भिन्न हुनाले यसले भिन्न सोच्छ पनि । हृदय दिमागभन्दा ६० गुना बढी शक्तिशाली र शरीरको सबैभन्दा शक्तिशाली अङ्ग हो।

सर्वप्रथम सन् १९०२ मा जेएच हेनरिकसेनले मानिसमा सिक्रिटिन नामक हार्मोनको पत्ता लगाए। यो लोकल हार्मोन हो र आन्द्राबाट निस्केर आन्द्रामा नै काम गर्छ । फेरि त संसारमा हार्मोन खोज्ने होडबाजी नै चल्यो । त्यसपछि पत्ता लाग्यो कि शरीर हार्मोन नै हार्मोनको खजाना हो । लगभग सबै टिस्सू र यहाँसम्म कि रगतसमेतले हार्मोन निकाल्छन्। यसको नाम लोकल किन पऱ्यो भने यो जहाँबाट निस्किन्छ, त्यहीं र वरिपरि नै क्रियाशील रहन्छ। यसको विपरीत इन्डोक्राइन हार्मोन रगतमा प्रवाहित भई कुनै दूरस्थ अङ्गमा गएर काम गर्छ ।

नर्भमा यो हार्मोन हुन्छ कि हुँदैन भन्ने पनि पत्ता लगाउनु थियो । यसको बडो रोचक प्रसङ्ग छ। प्रसिद्ध काला अमेरिकी कवि हैंगस्टन हघीजले सपनामा देखेको कविता लेखेर प्रसिद्ध भए। त्यस्तै कहानी यहाँ पनि छ । जर्मनीको फ्रैङ्कफर्टमा एक चिकित्सक टिबीको उपचार गर्न नसकेर निराश हुन्छन्। निराश हुनुपर्ने कुनै कारण थिएन किनकि त्यस बेलासम्म टिबीको औषधि नै थिएन । त्यसपछि उनी क्लिनिकल प्राक्टिस छाडेर ननक्लिनिकल विषयमा नै काम गर्न थाले । एक राम्रो मदिरा व्यापारी यहुदी घरानामा जन्मेका ती वैज्ञानिक अस्ट्रिया गए। उनले इस्टर सन्डेको रातमा एउटा सपना देखे कि उनी दुईटा भ्यागुतामा एउटा प्रयोग गरिरहेका छन् र प्रयोग सफल भएको छ। निद्रा खुलेपछि उनलाई धेरै बिस्मय भयो। कुरा आयो गयो तर पनि सपनाको कुरा उनले बिर्सन सकेनन् । एक दिन उनले तय गरे कि त्यो प्रयोग प्रत्यक्ष गर्नमा के अप्ठ्यारो ?

सपना सरह नै उनले दुईटा भ्यागुता लिए– ए र बी। ए लाई केही गरेनन् र जस्ताको त्यस्तै सामान्य स्लाइनको जारमा राखे । बी लाई डिनर्भेट गरेर अर्को जारमा राखे। दुवै जारलाई एक नलीद्वारा जोडिदिए । भेगस नामक एउटा नर्भ हुन्छ, जसलाई काटिदिएपछि डिनर्भेट गरिने भनिन्छ। यसो गर्दा हृदयको बेसल रेट यथावत् रहन्छ । भेगस नर्भलाई उत्तेजित पार्दा हर्ट रेट स्लो हुन्छ। बी भ्यागुतालाई डिनर्भेट गरिएको थियो, त्यसैले कुनै असर नपर्ने निश्चित भयो । तर यो कुरा देखिएन। जब ए भ्यागुताको नर्भलाई उत्तेजित पारियो त्यसको हर्ट रेट त स्लो भयो नै नहुनुपर्ने बी भ्यागुताको हर्ट रेट पनि स्लो भयो। यसको मतलब यो भयो कि ए को भेगसबाट केही केमिकल अवश्य निस्कियो जुन पहिलो स्लाइनको जारबाट दोस्रोमा गयो र सीधैं काम गरेर बीको हर्ट रेटलाई पनि स्लो गऱ्यो। त्यस वैज्ञानिकले त्यस केमिकलको



नाम भेगस्टाफ राखे। खुशी भएर उनी लन्डन गए र त्यहाँका फिजियोलोजिस्ट साथी डेललाई यो कुरा भने । डेलले पनि यही प्रयोग गरिरहेका थिए। त्यसपछि अझ तल्लीन भएर गर्न थाले। र वास्तवमा त्यो निस्किने केमिकल एसिटाइलकोलिन भएको पत्ता लाग्यो। यसरी नर्भसंवाहक भएको केमिकल पत्ता लाग्यो र संसारमा तहलका मच्चियो। दुवै वैज्ञानिकलाई सन् १९३६ को नोबेल प्राइज एकैसाथ दिइयो। सपना देखेर प्रयोग गर्ने वैज्ञानिकको नाम ओट्टो लेबी थियो । यसरी लेबी र डेल स्नायु विज्ञानमा आफ्नो जबरजस्त हस्ताक्षर गरे। संवहन गर्ने त्यस पदार्थलाई न्युरोट्रान्समिटर भनियो । त्यसपछि अस्ट्रियामा हिटलरको आक्रमण भयो। यहुदी लेबीलाई उनका दुई छोराहरूको साथ गेस्टापोद्वारा बन्दुकको नालमा अपहरण गरियो । संसारभरिका वैज्ञानिकबीच तहलका नमचिने कुरै थिएन। सबैले उनलाई छाड्न अपील गरे । अन्त्यमा नोबेल पुरस्कारबापत लिएको सबै रकम तिरेपछि लेबी छुट्छन् । त्यसपछि अमेरिका गएर सम्मानित नागरिक बन्छन्। लन्डनको रोयल सोसाइटीको सम्मानित सदस्य पनि बन्छन्। एक दिन बाथरूममा खसेपछि पेल्भिस फ्रैक्चर हुन्छ । उनी त्यसपछि सङ्गीतको दुनियाँमा पनि महान् बन्छन्। क्रिसमसको दिन उनको मृत्यु हुन्छ । केवल हाम्रोमा मात्र होइन क्रिश्चियनहरूले पनि शुभ दिनमा भएको मृत्युलाई पवित्र मान्छन् ।

यसरी न्युरोट्रान्समिटरको आविष्कार भयो, जो वास्तवमा एक लोकल हार्मोन हो, जसलाई नेपालीमा स्नायुसंवाहक भनिन्छ। अर्थात् न्युरोट्रान्समिटर ती तत्त्व हुन्, जसले संवेदनालाई एक न्युरोनबाट अर्को न्युरोनसम्म पठाउँदै जान्छ र अन्त्यमा कुनै अङ्गको काम बढाइदिन्छ वा रोकिदिन्छ ।

अब स्नायुको बारेमा केही सम्झौं । स्नायु एक हिमालय पर्वत हो, जसको तलहट्टीसम्म मात्र मान्छे पुग्न सकेको छ। यत्तिकैमा स्नायुका जति अद्भुत कारनामा प्रकाशमा आएका छन् भने सम्पूर्ण जानकारीपछि के होला ? भनिन्छ कि आजसम्म कसैले पनि आफ्नो सम्पूर्ण ब्रेनको उपयोग गर्न सकेको छैन। त्यसैले धेरै छोटकरीमा केही कुरा बुझौं। स्नायु ब्रेन हो, स्नायु स्पाइनलकर्ड हो। यसलाई केन्द्रीय स्नायु भनिन्छ। स्पाइनलकर्डबाट नै निस्केर स्नायु शरीरका सबै अङ्गमा विस्तार हुन्छ, जसलाई पेरिफेरल नर्भ भनिन्छ। यी स्नायुमा एउटाले संवेदना ब्रेनसम्म पुऱ्याउँछ र अर्कोले ब्रेनको हुकुमलाई अङ्ग–अङ्गमा पुऱ्याउँछ। यी नै दुई संवेदनाले नर्भस सिस्टमको काम सम्पन्न हुन्छ। मांसपेशी र अरू अङ्गमा जुन नर्भ जान्छ, त्यसलाई सोमेटिक नर्भ भनिन्छ । सोमेटिक नर्भले हामीले इच्छाएको काम गर्छ। जसरी हामी हिंड्न चाहन्छौं, मांसपेशीको स्नायु चल्छ, मांसपेशी चल्छ। यसलाई मोटर न्युरोन पनि भनिन्छ। केही नर्भहरूले गर्दा छालामा स्पर्श महसूस हुन्छन्। त्यसलाई सेन्सरी नर्भ भनिन्छ। तर केही कुरा हाम्रो इच्छा र अनिच्छामा भर पर्दैन । हाम्रो नियन्त्रणबाहिर अनवरत चलिरहेको हुन्छ, जसरी मुटु र फोक्सोको चाल तथा अमाशयमा हुने पाचनक्रिया। यसरी काम सञ्चालन गर्ने स्नायुलाई अटोनोमिक नर्भ भनिन्छ। हार्मोन निस्किने आधारमा पनि नर्भ दुई प्रकारका हुन्छन् । एसिटाइलकोलिन निकाल्नेलाई कोलिनर्जिक र एड्रिनलिन निकाल्नेलाई एड्रिनर्जिक नर्भ भनिन्छ । कुहिनाको स्नायुलाई हामीले छाम्न सक्छौं। यताउति हातले चलाएपछि बिजुलीको झटका जस्तो महसूस हुन्छ।

अरू कोषिका र स्नायुकोषिकामा केही फर्क छन्। मांसपेशीका कोषिका बेलन जस्तो र अरू अङ्गका कोषिका गोलाकार हुन्छन्। तर नर्भसेल फूल जस्तो हुन्छ, जसमा एउटा डाँठ हुन्छ, जसलाई एक्सन भनिन्छ । एक्सनको मतलब नै डाँठ हो । डाँठको एक सिरा वा दुवै सिराबाट पातहरू निस्किन्छन्, जसलाई डेन्ड्राइट भनिन्छ। एउटा सिराबाट नै डेन्ड्राइट पलाएकोलाई युनिपोलर नर्भसेल र दुवै सिराबाट पलाएकोलाई वाइपोलर नर्भसेल भनिन्छ। दुई वर्षपछि नर्भसेलमा एउटा आवरण चढ्छ, जसलाई माइलिनसिथ भनिन्छ । त्यस्तो नर्भलाई माइलेनेट नर्भ भनिन्छ । यसले नर्भको बचावट गर्छ। २/३ वर्षका बच्चामा नर्भ माइलेनेट भएको हुँदैन, त्यस कारण उनीहरूले ओछ्यानमा पिसाब गर्छन् । तीन वर्षपछि नर्भ माइलेनेटे भइसक्छ र बच्चाले ओछ्यानमा पिसाब गर्दैन । नर्भसेललाई एक उदाहरणले अझ स्पष्ट पारौं–

एउटा फूलझाडुको कल्पना गर्नुस् वा घरमा छ भने उठाएर हेर्नुस्। त्यसमा आधा भागसम्म एउटा प्लास्टिकले बेरिएको मुठ हुन्छ। त्यही मुठ एक्सन हो र बेरिएको प्लास्टिक माइलिनसिथ हो। त्यसमा झाडुका फूलहरू एकातिर झुन्डिएका हुन्छन्, जुन झाडुको मुख्य भाग हो, जसले बढार्ने काम गर्छ। ती झुम्मिएका फूलहरू नै डेन्ड्राइट हुन्। यो युनिपोलर नर्भ भयो। यदि मुठको दुवैतिर फूललाई झुन्ड्याउनुहुन्छ भने त्यही वाइपोलर नर्भ हुन्छ। यही डेन्ड्राइट मांसपेशी वा अरू अङ्गमा जान्छन् र काम गर्छन्। कसरी त ? हामीले झाडुको एक्सनलाई हातले समातेर झाडुलाई हर्कतमा ल्याउँछौं । त्यही हर्कत फूलहरूमा ट्रान्सफर हुन्छ र बढार्ने काम सम्पन्न हुन्छ। काम सकेपछि हामी एक्सनलाई छाड्छौं र हर्कत खत्म

(बाँकी पाँचौं पातामा)

# वन, फलफूल, जडीबुटी प्रजातिका नौ लाख बिरुवा उत्पादन

प्रस, निजगढ, १३ साउन/

डिभिजन वन कार्यालय, बाराले यस वर्ष पनि विभिन्न प्रजातिका बिरुवा उत्पादनका लागि नर्सरी तयार गरी निश्शुल्क बिरुवा वितरण कार्यलाई तीव्रता दिएको छ।



डिभिजन वन कार्याल बाराको नर्सरीमा उत्पादन गरिएका विभिन्न प्रजातिका बिरुवा। तस्वीरः जीतलाल श्रेष्ठ

आर्थिक वर्ष २०७८/७९ मा वन कार्यालयले नौ लाख बिरुवा उत्पादन गरी निश्शुल्क वितरण गरेको थियो। वन कार्यालय मातहतका कर्मचारीहरूको निगरानीमा सिमरा, कलैया, बरियारपुर, फेटा, त्रिवेणी, कोल्हवीलगायतका वन नर्सरीमा एक वर्षे तथा बहु वर्षे वन प्रजातिका बिरुवा उत्पादन गरिएको डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंहले बताए।

"वन प्रजाति, फलफूल प्रजाति तथा जडीबुटी प्रजातिका बिरुवा उत्पादन गरी वितरण गरिरहेका छौं। जिल्लामा रहेका सामुदायिक वन, साझेदारी वन क्षेत्रमा पनि वन प्रजाति तथा आवश्यकता र माग अनुसार फलफूल प्रजातिका बिरुवासमेत उत्पादन गरी वितरण र रोपण गरिरहेका छौं," डिएफओ सिंहले बताए।

स्थानीय विपन्न समुदायहरूको आर्थिक अवस्था सुधारका लागि टेवा पुऱ्याउने उद्देश्यका साथ फलफूल र जडीबुटी प्रजातिका बिरुवा पनि उत्पादन गरी वितरण र रोपण भइरहेको सहायक वन अधिकृत जवाहरप्रसाद कुर्मी र अनिल साहले जानकारी दिए। स्थानीय विपन्न वर्गलाई लक्षित गरी आयआर्जनका लागि बिरुवा उत्पादन र रोपण गर्दा वन क्षेत्र र वन पैदावरमा पर्ने दीर्घकालीन चापलाई न्यूनीकरण गर्न सकिने जसबाट स्थानीय र वन क्षेत्रलाई दोहोरो फाइदा पुग्न जाने वन संरक्षणकर्मीहरू बताउँछन्।

वर्षायाममा जमीन चिस्यान हुने हुँदा बिरुवा रोपणपछि सहजै सर्ने र हुर्कने हुन्छन्। प्रत्येक वर्षझैं वर्षायाममा बिरुवा वितरण गर्ने योजनाका साथ नर्सरी तयार गरी बिरुवा उत्पादन गरी असार र साउन महीनामा वन कार्यालय मातहतमा जिल्लामा रहेका विभिन्न नर्सरीबाट निजी तथा आबादी जमीनमा बिरुवा रोपण गर्न स्थानीयहरूले निश्शुल्क बिरुवा लैजाने गरेको डिवका, बाराले जनाएको छ।

सरकार अर्थात् वन विभागको मुख्य उद्देश्य र योजना हरियाली र वन क्षेत्र बढाउनु रहेकोले प्रत्येक वर्षझैं यस वर्ष पनि बिरुवा उत्पादन र रोपणलाई उच्च प्राथमिकतामा राख्दै आइरहेको छ। स्थानीय तहहरूले प्रत्येक नयाँ घर निर्माणसँगै बिरुवा अनिवार्य रोप्नु र हुर्काउनुपर्ने योजना अघि सारेपछि बिरुवाको माग बढेको देखिन्छ। सडकका दुवै किनारामा बिरुवा रोपणले सडकको सुन्दरतालाई बढवा दिने मात्र नभई स्वच्छ वातावरणमा समेत महत्त्वपूर्ण भूमिका खेल्ने कोल्हवी नगरपालिकाका प्रमुख रामप्रसाद चौधरीले बताए। आफ्नो नगर क्षेत्रमा पनि बिरुवा रोपण कार्यलाई विगतझैं निरन्तरता दिएको उनले बताए।

आफ्नो नगरलाई हरियाली, सुन्दर, सफा, स्वच्छ, वातावरणमैत्री बनाउन प्रत्येक घरआँगनमा अनिवार्यरूपमा बिरुवा रोपण गर्नुपर्ने नियम रहेको निजगढ नगरका प्रमुख सुरथ पुरीले बताए। "आजको आवश्यकता हरियालीसहितको नगर निर्माणको परिकल्पना हो," उनले भने।

उत्पादित बिरुवा आवश्यकता अनुसार खाली वन क्षेत्र, नदी उकास क्षेत्रलगायतका ठाउँमा योजनाबद्धरूपमा रोपण भइरहेको डिएफओ सिंहले बताए।

गत आवमा बाराका विभिन्न स्थानमा गरी ४४६.१६ हेक्टर अर्थात् ६६९.२४ बिघा वन क्षेत्रमा तारबार गरी वृक्षारोपण गरिएको छ। जसमध्ये निजगढमा १३६.५५, कोल्हवीमा १२६.५५ र जीतपुरसिमरामा १८३.०६ हेक्टर वन क्षेत्रमा वृक्षरोपण सम्पन्न भएको डिवका, बाराले जनाएको छ।

## महँगीविरुद्ध चौतारीले आन्दोलन गर्ने

प्रस, वीरगंज, १३ साउन/

प्रेस चौतारी नेपालले महँगी, भ्रष्टाचार र कालाबजारीविरुद्धको आन्दोलन प्रभावकारी बनाउन शुक्रवार केन्द्रीय आन्दोलन परिचालन कमिटी गठन गरेको महासचिव हीरामान लामाले बताएका छन्।

चौतारीका पदाधिकारी, केन्द्रीय सदस्य र उपत्यकाभित्रका समितिका पदाधिकारीहरूको संयुक्त बैठकले उपाध्यक्ष राजेश राईको संयोजकत्वमा ५१ सदस्यीय केन्द्रीय आन्दोलन परिचालन कमिटी गठन गरेको उनले जानकारी गराए।

परिचालन कमिटीलाई नेकपा एमालेले १६ साउनमा आयोजना गर्ने महँगी र भ्रष्टाचारविरुद्धको जनप्रदर्शनलाई प्रभावकारी बनाउने जिम्मेवारी दिएको उनले बताए। परिचालन कमिटीमा उपाध्यक्ष देविका घर्तीमगर, महासचिव हीरामान लामा, उपमहासचिव शुरोजङ्ग पाण्डे, राजु सुवेदी, कोषाध्यक्ष इन्द्र आचार्य र सचिवहरू हरिबल्लभ नेपाल, विष्णु तारुके, लोग्सरी कुँवर, उपत्यकामा रहेका केन्द्रीय सदस्य, भूगोल, प्रतिष्ठान र एशोसिएट कमिटीका पदाधिकारी सदस्य छन्।

बैठकमा चौतारीका अध्यक्ष गणेश बस्नेतले महँगीविरुद्ध जनप्रदर्शनमा आमजनतालाई सडकमा उतार्न आआफ्नो ठाउँबाट जुट्न निर्देशन दिएका थिए। चौतारीको बैठकले महँगीले आम जनताको जनजीवनमा पारेको प्रत्यक्ष प्रभावबारे सूचनामूलक र जनचेतनामूलक सामग्री उत्पादन गरी प्रचार गर्ने निर्णय गरेको महासचिव लामाले बताए।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

### असारे.........

पानी परेर ढलानमा प्रयोग भएको सिमेन्टहरू बगाएको आफूलाई थाहा भएको उनले बताए। साहका अनुसार बाँकी कामको रकम तथा प्रदेश सरकारसँग थप रकम मागसमेत गरेको बताए। राजनीति दबावमा सो पुल निर्माणको भुक्तानी भएको कर्मचारीहरूले जानकारी दिए।

त्यसैगरी वीरगंज महानगरपालिका–१० स्थित ठाकुरराम बहुमुखी क्याम्पसको छात्रावासको पछाडि रहेको सडक ढलानको काम त्यस्तै भएको छ। स्थानीयहरूको चर्को दबाव र विरोधपछि सो कार्यको भुक्तानी रोकीएको समाचार छ।

# खेलकूदको संसार

## खेलाडी छनोट प्रक्रिया अघि बढाउन प्राविधिक कर्मचारीको अभाव

काठमाडौं, १३ साउन/रासस

नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता तयारीको लागि विभिन्न प्रदेशमा प्राविधिक कर्मचारीको अभाव रहेको बताइएको छ। युवा तथा खेलकूद मन्त्रालयद्वारा शुक्रवार आयोजित प्रदेशस्तरीय तथा स्थानीय समन्वय, सहजीकरण तथा छलफल बैठकमा विभिन्न प्रदेशका प्रतिनिधिले खेलाडी छनोट प्रक्रिया अघि बढाउन प्राविधिक कर्मचारीको अभाव रहेको बताए। युवा तथा खेलकूद मन्त्री महेश्वरजङ्ग गहतराजले सातै प्रदेशमा नवौं राष्ट्रिय खेलकूद प्रतियोगिताको तयारीलाई तीव्रता दिनुपर्ने भन्दै राष्ट्रिय खेलकूद परिषद् (राखेप)मा भएको प्राविधिक र अनुभवी जनशक्तिको आवश्यकता हेरी परिचालन गर्ने बताए।

राखेपमा रहेका प्रशिक्षकले नभ्याए प्रदेशले आआफ्नो तरीकाले राखेपबाहेकका प्रशिक्षकलाई 'हायर' गरी प्रतियोगिताको तयारी गर्न मन्त्री गहतराजले सातै प्रदेशलाई आग्रह गरे। उनले नवौं राष्ट्रिय खेलकूदको लागि पर्याप्त समय भएको बताउँदै प्रदेशका मन्त्रालयले समन्वय गरेर प्रतियोगिताको तयारी गर्नुपर्ने बताए। त्यस्तै, प्रदेश–१ का सामाजिक विकास मन्त्री राजन राईले प्रदेश–१ मा जनशक्ति अभाव रहेको भन्दै युवा तथा खेलकूद मन्त्रालयले राखेपका प्राविधिक कर्मचारीलाई प्रदेशमा काजको रूपमा पठाएर सहयोग गरिदिन आग्रह गरे।

वाग्मती प्रदेशका युवा तथा खेलकूद मन्त्री रत्नप्रसाद ढकालले नवौं राष्ट्रिय खेलकूद प्रतियोगिताको लागि नौवटा खेलको छनोट प्रक्रिया सकिसकेको बताउँदै प्रदेशबाट ३६ खेलमा नै खेलाडीलाई सहभागी गराउने योजना रहेको बताए।

मधेस प्रदेशका युवा तथा खेलकूद मन्त्री वीरेन्द्र सिंहले प्रदेश–१ मा जनशक्तिको अभावसँगै अनुभवको कमीका कारणले गर्दा पूर्णरूपमा प्रतियोगिताको तयारी गर्न नसकेको बताए। उनले नवौं राष्ट्रिय खेलकूद प्रतियोगिताको लागि रु एक करोड २५ लाख बजेट छुट्याएको भन्दै युवा तथा खेलकूद मन्त्रलालयले खेलसम्बन्धी जानकार व्यक्तिलाई प्रदेशमा पठाइदिन आग्रह गरे।

राखेपका सदस्य–सचिव टङ्कलाल घिसिङले नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घको नियमानुसार सञ्चालन गरिने भन्दै खेलगत, खेलाडी र प्रशिक्षकको नाम दर्ता आगामी भदौ १५ गतेभित्र गरिसक्नुपर्ने बताए। उनका अनुसार खेलगत खेलाडी प्रशिक्षक पोशाकको साइज पनि भदौ १५ गतेभित्र दर्ता गराइसक्नुपर्नेछ। नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म आयोजना हुने तालिका रहेको छ। उक्त प्रतियोगितामा विभिन्न ११ टोलीको सहभागिता रहनेछ भने ३६ वटा खेल समावेश गरिने निर्णय भएको छ।



वीरगंज-रक्सौल मितेरीपुलको दृश्य। लामो समयदेखि मितेरीपुल मरम्मतसम्भार नहुँदा यो बाटोबाट आवतजावत गर्नेहरूलाई निकै समस्या हुने गरेको छ। केही समयअगाडि रक्सौलवासीले पुल मरम्मतको लागि अनशन पनि गरेका थिए। यसैगरी, सांसद प्रदीप यादवले पुलको खाल्डाखुल्डी मरम्मत गराएका थिए। तर पनि यो पुल र रजतजयन्तीसम्मको सडकखण्ड मरम्मतसम्भारको अभावमा जर्जर भएको छ। मितेरीपुलदेखि रजतजयन्तीसम्मको सडक मरम्मतसम्भारको लागि सडक विभागले टेन्डर आह्वान गरेको र ठेकेदारले सकार पनि गरेको अवस्थामा अदालतमा मुद्दा चलेपछि काम रोकेको थियो। अहिले मुद्दा किनारा लागेपछि यो सडकखण्डको निर्माण कार्य ठेकेदारले शुरू गरेको छ। तर सडक खनेर त्यत्तिकै छाडेको कारण पानी पर्दा हिलाम्य र पानी नपर्दा धूलोले सडक आवतजावत गर्नेहरूलाई निकै समस्या भएको छ। आर्थिक वर्षको अन्त्यमा सडक खन्ने काम मात्रै भयो तर अहिलेसम्म कालोपत्र गर्ने काम सम्पन्न नहुँदा यो बाटोबाट आवतजावत गर्नेहरू निकै जोखिममा छन्। तस्वीरः नितेश कर्ण

### होल्डिङ.........

हस्तान्तरण गर्ने र नेपाली सेनाले स्थानीय प्रशासनलाई हस्तान्तरण गर्ने प्रक्रिया एकाध दिनमा सम्पन्न हुने जानकारी गराएका छन्।

होल्डिङ सेन्टरको निर्माण कार्य गत भदौमा सम्पन्न हुनुपर्नेमा ढिला भएको हो। अहिले होल्डिङ सेन्टर पूर्णरूपमा निर्माण भइसकेको छ।

यसैबीच, कोरोना सङ्क्रमितहरू देखिन थालेपछि वीरगंज-रक्सौल प्रवेशद्वार शङ्कराचार्यद्वारमा वीरगंज महानगरपालिकाले चेकजाँच शिविर शुरू गरेको छ। अहिले तीन सिफ्टमा शिविरमा भारतबाट आउने यात्रीहरूको परीक्षण भइरहेको बताइएको छ। एक सिफ्टमा चारजना स्वास्थ्यकर्मी खटेका छन् र उनीहरूले भारतबाट आउने शङ्कास्पद यात्रीहरूको एन्टिजेन विधिबाट कोरोना परीक्षण गर्दै आएका छन्।

कोरोना सङ्क्रमण जोखिममुक्त भएपछि शिविर हटाइएको थियो र अहिले पुनः सङ्क्रमितहरू देखिन थालेपछि शिविर भर्खरै सञ्चालनमा आएको हो।

लागूऔषधरहित परिवारः
स्वस्थ जीवनको आधार

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रूचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाइमा ध्यान नदिने,
- अनावश्यक खर्चगर्नेलगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरू हुन सक्छन्।

यस्ता लक्षण देखिएमा समयमै नजीकैको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड